# बागमती प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय

हेटौंडा, नेपाल


बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- ०८२/०८३
चलानी नं:- ८३

मितिः२०८२/०५/०३

विषयः <u>निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा।</u>

श्री सम्बन्धित सबै,
सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय ।

प्रस्तुत विषयमा अठारौं पुस्तकालय दिवस, २०८२ को अवसरमा यस निर्देशनालयले **"हाम्रो पुस्तकालय, हाम्रो भविष्य"** विषयक माध्यमिक तह (कक्षा ११-१२) स्तरीय निबन्ध प्रतियोगिता आयोजना गर्न लागेको हुँदा यस प्रदेश भित्रका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय (कक्षा ११-१२) मा अध्ययनरत इच्छुक विद्यार्थीहरूले विद्यालयको सिफारिसकासाथ निबन्धलेखि यस निर्देशनालयको इमेल edd.bagamati@gmail.com मा मिति २०८२।०५।१० भित्र पठाउनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।साथै निबन्ध प्रतियोगिताको रूपरेखा यसै पत्र साथ संलग्न छ।

<u>निबन्ध प्रतियोगिताको रूपरेखा:</u>

**निबन्धको शीर्षक:**

- "हाम्रो पुस्तकालय, हाम्रो भविष्य"

**प्रतियोगिताको सहभागी:**

- बागमती प्रदेश भित्रका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय (कक्षा ११-१२) मा अध्ययनरत छात्रछात्रा

**निबन्धको सिमा:**

- ५०० देखि १००० शब्द हुनुपर्नेछ।

**प्रतियोगितामा सहभागी हुने प्रक्रिया:**

- प्रतियोगितामा सहभागी विद्यार्थीले लेखेको निबन्ध सम्बन्धित विद्यालयको प्रधानाध्यापकले विद्यार्थीको नाम थर, ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क नम्बर समेत उल्लेख गरी शिक्षा विकास निर्देशनालयमा सिफारिस गर्ने ।
- विद्यार्थीले लेखेको निबन्ध र विद्यालयको सिफारिस पत्र संलग्न गरी विद्यालयले शिक्षा विकास निर्देशनालयको इमेल edd.bagamati@gmail.com मा पठाउनुपर्नेछ।
- एक विद्यालयबाट एक जना मात्र विद्यार्थी सहभागी हुन पाउने भएकोले विद्यालयले सोही बमोजिम सिफारिस पठाउनुपर्नेछ।

**निबन्ध पठाउने अन्तिम मिति:**

- मिति २०८२।०५।१० गते साँझ ५बजे सम्म यस निर्देशनालयको इमेलमा आइपुग्ने गरी पठाउनुपर्ने छ।

छनौट तथा मुल्याङ्कनः

- तोकिएको समय सिमाभित्र प्राप्त निबन्धलाई मुल्याङ्कन गर्ने प्रयोजनका लागि शिक्षा विकास निर्देशनालयमा एक विज्ञ सहितको मुल्याङ्कन समिति रहनेछ । मुल्याङ्कन समितिको सिफारिसका आधारमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूलाई भदौ १५ गते **पुस्तकालय दिवसको** दिन नतिजाको जानकारी गराईनेछ। पुरस्कार वितरण हुने समय र स्थान सहित पुरस्कारको लागि पछि जानकारी गराईनेछ ।

अधिकृतस्तर सातौं


फोन नं. ०५७-५२७१०४ (परीक्षा), ०५७-५२७१०५(सूचना अधिकारी) ०५७-५२७१०६(कार्यालय प्रमुख),
इमेलः edd.bagamati@gmail.com वेवसाइटः edd.bagamati.gov.np